सदनका समितिहरू
एक परिचय



माधवदत्त भट्ट

सदनका समितिहरू
एक परिचय

प्रस्तुतकर्ता

माधवदत्त भट्ट

२०४८ श्रावण

संसद् सचिवालय
कानूनी परामर्श तथा मस्यौदा महाशाखा
संसद्भवन, काठमाडौं

सदनका समितिहरूको परिचय

१. संसदीय व्यवस्था भएका प्रत्येक मुलुकमा कुनै न कुनै रूपको यस्को समिति गठन गर्ने परिपाटी रहेको छ।

अमेरिकी काँग्रेसको धेरै काम यस्का समितिहरूबाट सम्पादन गरिन्छन्। नेपालको संविधान २०१९ ले पनि सिद्धान्ततः त्यो प्रणाली लागू गर्ने व्यवस्था गरेको थियो र विधेयकको उत्पत्ति, सैद्धान्तिक छलफल र दफावार छलफल समेत समितिहरू मै सम्पन्न हुन्थ्यो। विधेयक पारित हुने नहुने रूपमा मात्र पारित होस् भन्ने प्रस्ताव पूर्ण बैठकमा प्रस्तुत हुन्थ्यो। समितिको व्यवस्था गरिएको धारामा 'सदस्यहरूलाई मुलुकको शासनमा बढी मात्रामा सरीक गराउने उद्देश्यले विभिन्न विषयका समितिहरू रहने छन्' भन्ने उल्लेखित थियो।

२०१५ सालको संविधानमा संसदको प्रत्येक सदनले कार्य व्यवस्थित गर्न नियमावली बनाउन सक्ने धाराभित्रै समितिको कार्यविधि र कार्य संचालनकालागि पनि नियमावलीमा व्यवस्था गर्न सकिने व्यवस्था गरेको थियो। दलीय शासन प्रणाली चालु रहेको सो अवस्था २०१६ र २०१७ सालमा कुनै विधेयकको लागि सैद्धान्तिक छलफलका अवस्था मै विधेयकको अध्ययन र दफावार छलफल गरेर पूर्ण बैठकमा प्रस्तुत गर्ने समितिको गठन हुन्थ्यो। प्रस्ताव द्वारा स्वीकृत भएको समितिद्वारा त्यो विधेयकमा छलफल भई

पूर्ण बैठकमा प्रस्तुत गरिन्थ्यो र सभाद्वारा सुम्पिएको काम सम्पन्न भएपछि समितिको गठन समाप्त हुन्थ्यो । उस वेला स्थायी प्रकारको समिति गठन गर्ने विषयमा नियमावलीले लेखा र अनुमान समितिको स्थायी व्यवस्थासम्म गरेको थियो तर यी समिति गठन गर्नेबारे अन्तिम निर्णय र समितिको स्वरूप प्रकट हुन नपाउँदै दलीय शासन पद्धति नै समाप्त गरिएकोले सो वेला समिति प्रणालीको अभ्यास र विकास हुन पाएको देखिदैन।

२०१९ साल पछि पंचायत कालमा शुरू शुरूमा एउटा मात्र समिति निर्देशक समिति र पछि तीनवटा समिति रहेको थियो। सो अवस्था विधेयकमाथि पूर्ण बैठकमै दफावार छलफल हुन्थ्यो र निर्देशक समितिमा पठाउन सकिने पनि व्यवस्था थियो। २०३२ सालको संविधानमा भएको दोस्रो संशोधन पश्चात् श्री ५ को सरकारका मन्त्रालयको विषय मिल्ने गरी विषय विषय तोकिएका पाँच समिति र २०४५ सालमा नियमावली संशोधन गरी ६ वटा समिति गठन गर्ने व्यवस्था गरिएको थियो। छ वटा समितिको नाम यस प्रकार छः-

(१) पंचायत समिति,
(२) सामाजिक समिति,
(३) आर्थिक समिति,
(४) लेखा समिति,
(५) जलस्रोत समिति, र
(६) विकास समिति ।

समितिको मुख्य काम कर्त्तव्यको हकमा विधेयकमाथि छलफल गरी पूर्णता प्रदान गर्नुको अतिरिक्त :-

(१) नीति र कार्यक्रम अनुसार कार्य संचालन भए नभएको अध्ययन गरी उपाय सहितको मूल्यांकन प्रतिवेदन दिने।

(२) नियम र आदेशहरू ऐनको उद्देश्य अनुरूप छ छैन अध्ययन गरी प्रतिवेदन दिने।

(३) सदनलाई सरकारको तर्फबाट दिइएका वचनहरू पूरा गर्न के कस्ता कदम उठाइएका छन् हेरी प्रतिवेदन गर्ने।

(४) श्री ५ बाट पठाई बक्सेका संवैधानिक अंगका वार्षिक प्रतिवेदन अध्ययन गरी प्रतिवेदन तयार गर्ने।

(५) राष्ट्रिय पंचायतले सुम्पेको अन्य काम गर्ने।

समितिको प्रतिवेदन अध्यक्ष समक्ष प्रस्तुत गर्नु पर्ने व्यवस्थासम्म नियममा लेखिएको छ तर सो प्रतिवेदनमा अध्यक्षले के गर्ने भन्ने विषयमा र प्रतिवेदनको कार्यान्वयन विषयमा कानूनी व्यवस्था मौन रहेको देखिन्छ। केवल लेखा समितिको प्रतिवेदन कार्यान्वयनको जिम्मेवारी पंचायत नीति तथा जाँचबुझ समितिलाई तोकिएको पाइन्छ।

विश्वका अन्य मुलुकहरूमा समितिहरूको व्यवस्था सम्बन्धमा अलग अलग देशका सबै

समितिहरूको चर्चा गर्नु सम्भव छैन। मुख्यतया समिति भएका र समिति नभएका देशहरूको रूपमा वर्गीकरण गर्न सकिन्छ। वेलायती पद्धति अपनाउने देशहरू अष्ट्रेलिया, क्यानाडा, आएरलैण्ड, मलावी, मलेसिया, र न्युजिलैण्डमा विधेयकको प्रस्तुति पछिका छलफलहरू पूर्ण सदनको समिति (Committee of the whole house) मा हुन्छ। सदनको बैठकमा भैं पूर्ण सदनको समितिमा अपनाइने औपचारिकता भिन्न किसिमको हुन्छ। अर्थात् एउटा प्रस्तावमा एक पटक मात्र बोल्न पाइने नियन्त्रण पूर्ण सदनको समितिमा हुँदैन। पूर्ण सदनको समितिको बैठकको कारबाई बढी अनौपचारिक हुन्छ, यस्ले प्रतिवेदन दिने भनेको विधेयक स्वयं वा संशोधित विधेयक नै यस्को प्रतिवेदन मानिन्छ, यी मुलुकहरूमा सदनको निर्णयले गठन हुने प्रवर या अस्थायी समितिहरू बाहेक अरू स्थायी किसिमको समिति हुँदैनन्। तैपनि कामको प्रकृति अनुरूप केही समितिहरूलाई स्थायी समिति पनि भनिन्छ। जस्तो स्काटीस ग्रेण्ड कमिटि, वेल्स ग्रेण्ड कमिटि र नर्दन आएरलैण्ड ग्रेण्ड कमिटि आदि।

कुनै खास विधेयक हेर्न गरी गठन हुने प्रवर समिति बाहेक स्थायी समिति दुई प्रकारका हुन्छन्। बैठकले पठाएको विधेयक हेर्न गरी गठन हुने समिति र विधायनका साथ साथै निर्धारित नीति तथा कार्यक्रमहरू अनुरूप काम कारबाई सञ्चालन भए नभएको छानबीन समेत गर्न सक्ने समिति।

साविकमा नेपालमा जस्तो विषय विषय ने तोकेर एक खास वर्गीकरण भित्र पर्ने विधेयकहरू एक खास नाम गरेको समितिमा प्रस्तुत गरिने

प्रचलन निकै कम देशमा पाईन्छ तापनि विधेयक लगायत निर्धारित नीति तथा कार्यक्रम अनुरुप देशको शासन चले नचलेको विषय समेत हेर्न पाउने प्रकारको स्थायी समिति विश्वका अधिकांश देशहरूमा पाईन्छ र अग्रिम रूपमा विधेयकको विषय नछुट्याइए पनि कुन समितिमा सदनले कुन विधेयक पठाउँछ भन्ने कुरा प्रायः निश्चित नै हुन्छ। यस्ता समितिहरूमा सदस्य संख्या न्यूनतम ६ देखि १० र अधिकतम १३ देखि १२० (फ्रान्समा जहाँ ६ वटा स्थायी समितिहरू छन्) सम्म रहेको देखिन्छ। सभामा भएको दलगत प्रतिनिधित्वकै आधारमा समितिमा पनि प्रतिनिधित्व गराइ न्छ र फिलिपिन्समा सकभर क्षेत्रीय प्रतिनिधित्वलाई पनि आधार लिनु पर्ने कानूनी व्यवस्थाछ। नेपालको सांविक व्यवस्थामा पनि सबै मन्त्रीहरू सहित बढीमा पच्चीस जना सदस्य रहने र चौद्ध जना सकभर प्रत्येक अञ्चलबाट एक एक जना पर्ने गरी गठन गर्ने व्यवस्था रहेको थियो।

सामान्यतया सदनमा दलको प्रतिनिधित्व अनुरुप नै समितिमा पनि सहभागिता मिलाइएको हुन्छ तर स्वतन्त्र उम्मेदवारको हकमा अनिवार्यता हुँदैन। एक मात्र स्थान भएको दललाइ पनि सबै समितिमा छनौट गरिँदैन। अधिकांश देशहरूमा प्रत्येक सदस्य कुनै न कुनै समितिमा रहनै पर्ने गरिएको हुन्छ।

कतिपय देशमा मन्त्री सदन बाहिरको व्यक्ति हुने हुनाले मन्त्री, विधेयक छलफल हुने समितिको सदस्य हुन सक्दैन। विधेयक प्रस्तावक सदस्य सदनको सदस्य भएर पनि समितिको सदस्य नहुन पनि सक्ने सन्दर्भमा

विधेयकमा छलफल गर्न समितिको सदस्य नभएतापनि प्रायः प्रस्तावक सदस्य मन्त्री होस् वा नहोस् समितिमा उपस्थिति अनिवार्य गरिन्छ वा बोलाइन्छ। तर सदस्य नभए सम्म मत दिने अधिकार हुँदैन। नेदरल्याण्डस्मा भने विधेयक प्रस्तावक व्यक्ति समितिको सदस्य भएर पनि मत दिन पाउँदैन।

यद्यपी समितिको सभापतिले धेरै देशमा कारवाही र निर्णयमा सकृयभूमिका निर्वाह गर्दछ तथापि क्यानाडामा सभापतिले विषयमा प्रवेश गर्न (to enter the arena)समितिको सहमतिमा मात्र सक्छ भने बेलायतमा छलफलमा सभापतिले भाग लिँदैन तर माथिल्लो सदनमा मत दिन पाउँछ। गणतन्त्र कोरियामा छलफलमा भाग लिन कुर्सी ले त्याग गर्नु पर्छ।

समितिले विधेयकमा छलफल गर्ने दायरा समितिको गठन स्वरूपले निर्धारण गर्छ। कहीं सिद्धान्तमा, कहीं विस्तृत रूपमा छलफल गरिन्छ र कहीं सदनले तोकेको दायरा भित्र रहनु पर्छ। कतिपय मुलुकमा छानविन गर्न र आधार प्रमाण खोज्नु परेमा अर्को उपसमिति गठन गरिन्छ। तथापि बहुसंख्यक देशका समितिहरूमा छानविन गर्ने अधिकारका साथै विधेयकको सामान्य सिद्धान्तमा र विस्तृत रूपमा छलफल गर्ने अधिकार समितिलाई हुन्छ। समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न पाउने गरी वृहत अधिकार दिइएको पनि हुन्छ।

धेरै मुलुकमा विधेयक अस्वीकृत गर्न सक्ने समितिको अधिकार हुँदैन तापनि समितिको सिफारिस पूर्ण बैठकले प्रायशः समर्थन गर्ने

प्रचलनले समितिलाई विधेयक अस्वीकृत गर्ने अधिकार नदिइएको देशमा पनि विधेयक अस्वीकृत गर्ने अधिकार भए सरह नै मान्नु पर्ने हुन्छ। संसदको कार्यकालमा विधेयक प्रस्तुत नगरेर विधेयक निष्क्रिय गर्न सक्ने अधिकार पनि हुन्छ जस्तो अमेरिकामा छ। युगोस्लाभियामा विधेयक अस्वीकृत गर्न सक्ने मात्र होइन समितिले सुझाव दिएको रूपमा मिलाएर प्रस्तावकले पुनः विधेयक प्रस्तुत गर्नु पर्ने दायित्व सृजना गर्न सक्ने समितिलाई अधिकार हुन्छ ।

२. नेपाल अधिराज्यको संविधान, २०४७ तथा प्रतिनिधिसभा नियमावलीले व्यवस्था गरेको समिति सम्बन्धमा चर्चा गर्नु अघि केही देशका संसदहरूमा गठन हुने समितिको स्वरूप र गठन प्रक्रिया बारे संक्षिप्त चर्चा गरौं।

(क) <u>अष्ट्रेलिया</u>:- यो द्विसदनात्मक संसदीय प्रणाली अपनाएको देश हो। यसको सिनेट र प्रतिनिधिसभा दुवैले आ-आफ्नो स्थायी समिति गठन गर्न सक्छन र समितिको कार्यक्षेत्र विधायन लगायत केही विस्तृतछ। सिनेटको समितिमा सदस्य संख्या ६ तोकिएको छ। तदर्थ समितिमा १३ देखि १९ सम्म सदस्य रहन सक्छन्। सदस्यहरूको छनौट दलको नेताको मनोनयनमा भर पर्छ। थोरै सदस्य संख्या भएका दलले सदस्यता पाउन स्थायी आदेश हुनु पर्छ।

(ख) <u>बेल्जीयम</u>:- संसदका स्थायी समितिहरू हुन्छन र कहिले काहीं तदर्थ समिति पनि

गठन हुन्छन। सदस्यहरू सभाले नै छान्छ। स्वतन्त्र उम्मेदवारको रूपमा निर्वाचित सदस्यहरूले छलफलमा भाग लिन पाउँछन् तर मत दिन पाउँदैनन्। मन्त्रीलाई उपस्थित भइ विधेयकको बचाउ गर्ने अधिकार हुन्छ।

(ग) क्यानेडाः- प्रतिनिधिसभाले स्थायी समिति बनाउन सक्छ। सदस्य संख्या समितिको विषय हेरी १२, १५ अथवा ३० सम्मको हुन्छ. समितिको कार्य विधायन, अनुमान र अरू कार्य सदनले तोके बमोजिमको हुन्छ।

(घ) डेनमार्कः- स्थायी र तदर्थ दुवै किसिमका समितिहरू हुन्छन्। स्थायी समितिको कार्यक्षेत्र विस्तृत हुन्छ। सदस्य संख्या १७ सम्म हुन्छ। मन्त्री समितिको सदस्य हुँदैन विधेयक प्रस्तुतकर्ता सदस्य समितिको सदस्य नभए पनि छलफलमा भाग लिन पाउँछ।

(ङ) फ्रान्सः- साधारण सभामा ६ वटा स्थायी समितिको व्यवस्था छ। समितिको कार्यक्षेत्र व्यापक छ। समितिमा ६० देखि १२० सम्म सदस्य रहने व्यवस्था छ। मन्त्री समितिको सदस्य हुन सक्दैन। विधेयक प्रस्तुतकर्ता सदस्यले छलफलमा भागलिन पाउँछ।

(च) भारतः- स्थायी किसिमको विस्तृत क्षेत्राधिकार सम्पन्न किसिमको समितिको गठन हुने प्रावधान छैन। तदर्थ प्रकृतिका प्रवर समिति वा दुवै सदनको संयुक्त

समितिको गठन हुन्छ. सभाद्वारा तोकिएको काम समितिहरू सम्पन्न गर्छन। प्रवर समितिमा सदस्य संख्या ३० र संयुक्त समितिमा बढीमा ४५ सदस्य हुन्छन्। प्रत्येक सभाका सदस्यको अनुपात प्रतिनिधिसभा (लोकसभा) को २ र राज्यसभाको १ सदस्यको दरले संयुक्त समिति गठन हुन्छन्। सभाले सदस्य छान्छ। समिति गठन हुँदा नै मन्त्रीहरू सामान्यतया सदस्यमा छानिन्छन्।

(छ) ईजरायलः- स्थायी र तदर्थ दुवै प्रकारका समिति हुन्छन्। स्थायी समितिको कार्यक्षेत्र विस्तृत हुन्छ। सदस्य संख्या ९ देखि २१ सम्म रहेको हुन्छ। समितिको सदस्यमा दलले मनोनयन गर्छ र सभाले नै छान्छ। समितिमा स्वतन्त्र सदस्यको प्रतिनिधित्व हुँदैन र मन्त्रीहरू समितिको सदस्य हुँदैनन्। विधेयक प्रस्तुतकर्ता सदस्यहरू समितिको सदस्य नभए पनि छलफलमा भाग लिन पाउँछन्।

(ज) इटालीः- विधायन कार्यको लागि मात्र स्थायी समिति हुन्छन। सदस्यहरू दल समूहको आधारमा अर्थात संसदीय दलको संरचनाको आधारमा सभामुखद्वारा मनोनीत हुन्छन्। मन्त्री वा विधेयक प्रस्तुत कर्ता सदस्य छलफलमा भाग लिन सक्छ तर समितिको सदस्य नभएमा मत दिन पाउँदैन।

(झ) जापानः- प्रतिनिधि सभामा १८ वटा र दोश्रो सभामा १६ वटा स्थायी समिति छन्।

समितिको कार्यक्षेत्र विस्तृत छ। प्रतिनिधिसभाका समितिमा सदस्य संख्या २० देखि ५० सम्म र दोश्रो सभा (सेकेण्ड च्याम्बर) मा १० देखि ४५ सम्म रहने व्यवस्था छ। सभाका सभाध्यक्षले आ-आफ्नो समितिको सदस्यहरू दलहरूको अनुपात मिलाएर मनोनीत गर्छन। प्रतिनिधिसभाको समितिमा मन्त्रीहरू सदस्य हुँदैनन्। दोश्रो सभाका समितिमा मन्त्रीहरू स्वतः सदस्य हुन्छन्।

(ञ) <u>नेदरलैण्ड</u>:- विस्तृत कार्यक्षेत्र भएका स्थायी समितिहरू हुन्छन र कहिलेकाहीं तदर्थ समिति पनि गठन गरिन्छन्। समितिमा सदस्य संख्या १५, २१ वा २३ जनाको हुन्छ। सभा प्रमुखले कुन समितिमा कुन दलको कतिजनाको अनुपात रहने भन्ने कुरा छुट्याएपछि दलहरूले सदस्य संख्या पूर्ति गर्छन। मन्त्री समितिको सदस्य हुन सक्दैन तर समितिले मन्त्रीलाई आमन्त्रण गरेर सहयोग लिने गर्दछ।

(ट) <u>फिलिपिन्स</u>:- स्थायी समितिको कार्यक्षेत्र सभाद्वारा तोकिएको विधेयक सम्म सीमित गरिएको देखिन्छ। समितिको सदस्य संख्या कम्तिमा ५ तोकिएको छ, अधिकतम संख्या कति रहने भन्ने बारे कुनै उल्लेख छैन। फिलिपिन्सको स्थायी समितिको विशेषता हो दल र क्षेत्र दुवैको अनुपात समितिमा रहनु पर्ने प्रावधान गरिनु मन्त्री वा प्रस्तावक सदस्य समितिमा उपस्थित हुन र छलफलमा भाग लिन सम्म सक्छन्।

(ठ) <u>वेलायत</u>:- प्रतिनिसिभा (कमन्स) मा विधेयकको दफावार छलफल आदि पूर्ण सदनको समितिमा हुन्छ। तदर्थ समिति पनि गठन गरिन्छन् यस्ता समितिले तोकिएको विधेयक हेर्छन।सभाद्वारा छानिएका २० जना सदस्य सम्म समितिमा हुन्छन्। त्यस्तै हाउस अफ लर्डसमा पनि पूर्ण सदनको समितिमा विधेयकमा छलफल हुन्छ। सार्वजनिक विधेयक समिति तोकिएको विधेयक हेर्ने गरी. गठन हुन सक्छ। यस समितिमा २५ सदस्य रहन्छन् र सरकारी बहुमत हुने गरी समिति बनाइएको हुन्छ। छानबिन कार्यकोलागि पनि प्रवर समिति गठन हुन सक्छ जसमा ७ जना सदस्य रहन्छन्। छानबिन गर्ने प्रवर समितिमा को को रहने भन्ने खास नियम छैन। तर यस्तो छानबिन समितिमा मन्त्री सदस्यको रूपमा रहँदैनन् साक्षीको रूपमा मात्र रहन्छन्।

(ड) <u>संयुक्त राज्य अमेरिका</u>:- प्रतिनिधि सभा र सिनेट दुबैमा प्रसस्त स्थायी समिति रहने व्यवस्था गरिएको छ। स्थायी समितिको कार्यक्षेत्र विस्तृत हुन्छ। तदर्थ समितिहरू पनि गठन हुन्छन्। अमेरिकी कांग्रेसको अधिकांश कार्य यसका सेकर्डो समितिहरूबाट सम्पादन गरिन्छन्। सदस्य संख्या समितिको कार्य प्रकृतिको आधारमा फरक फरक हुन्छ. अर्थात् धेरै सानो र धेरै ठूलो पनि हुन सक्छ। सभाले समितिमा रहने सदस्यहरूको छनौट गरी निर्णय गर्दछ। समितिको सदस्य नभएको

मन्त्री छलफलमा भाग लिन सक्दैन। प्रस्तावक सदस्य समितिको सदस्य नभए पनि छलफलमा भाग लिन सक्दछ।

३. यस अघिको प्रकरण २ मा विभिन्न तेह्रवटा राष्ट्रका संसदमा समिति सम्बन्धी कस्तो व्यवस्था रहेछ भन्ने विषयमा संक्षिप्त चर्चा भयो। यस चर्चाबाट अब समिति सम्बन्धमा हाम्रो देशको कानूनी व्यवस्था कस्तो छ भन्ने विषयमा प्रवेश गरौं।

नेपाल अधिराज्यको संविधान, २०४७ यसपछि (संविधान मात्र भनिएको) को धारा ६३, ६४ र ६५ मा समितिको गठन सम्बन्धी व्यवस्था रहेको छ। धारा ६३ नियमावली बनाउने व्यवस्थाका सम्बन्धमा रहेको भएपनि यस धाराले प्रत्येक सदनलाई समिति गठन गर्ने व्यापक अधिकार प्रदान गरेको छ। धारा ६३ को उपधारा (१) को अभिव्यक्ति यसप्रकार रहेको छ :-

'यस संविधानको अधीनमा रही संसदको प्रत्येक सदनले आफ्नो कार्य संचालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम कारबाई र कुनै सदन वा समितिको अन्य कुरा नियमित गर्नको लागि नियमावली बनाउने छ। त्यस्तो नियमावली श्री ५ बाट स्वीकृत भएपछि लागू हुनेछ।'

यस्तै प्रकारले संयुक्त समिति गठन हुन सक्ने प्रावधानका सम्बन्धमा संविधानको सोही धारा ६३ को उपधारा (२) मा निम्न बमोजिमको व्यवस्था रहेको पाइन्छ :-

(२) श्री ५ बाट संसदको संयुक्त बैठकको कार्य संचालन र संसदको संयुक्त समितिको गठन र काम कारवाई प्रतिनिधिसभाको सभामुख र राष्ट्रिय सभाको अध्यक्षको सिफारिसमा बनाइबक्सेको नियमावली बमोजिम हुनेछ।'

संविधानको धारा ६४ को प्रावधानले प्रतिनिधि सभाले सो धारामा उल्लेखित विषयको समिति गठन गर्ने गरी अरू आवश्यकतानुसारको समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ। संविधानको धारा ६४ निम्न बमोजिम छः-

'६४. समितिः प्रतिनिधिसभाले अर्थ, सार्वजनिक लेखा, मानव अधिकार, परराष्ट्र सम्बन्ध, प्राकृतिक श्रोत र साधन, वातावरण संरक्षण, जनसंख्या र आवश्यकतानुसार अन्य विषयका समितिहरूको गठन र व्यवस्था नियमावलीद्वारा गर्न सक्नेछ।'

संविधानको धारा ६३ र ६४ ले सदनले गठन गर्न सक्ने समितिको विषयमा र संयुक्त समितिको विषयमा व्यवस्था गरेर पनि पुनः धारा ६५ मा किटानी गरेर संयुक्त समितिको गठन सम्बन्धी व्यवस्थालाई प्रष्ट्याइएको छ। कुन कुन विषयका लागि संयुक्त समिति गठन हुन पर्ने हो भन्ने विषयमा संविधानको धारा ६५ ले निर्देशन दिन्छः-

'दुई सदनका बीचको कार्यप्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन

गरियोस् भनि कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समितिको गठन गरिनेछ।'

धारा ६५ को व्यवस्थाले एउटा सदनले अर्को सदनलाई संयुक्त समितिको माध्यमद्वारा आफ्नो सदनको धारणा सुनिश्चित गराउन सुगम हुनेछ। अर्थात दुबै सदन संसदको काम कारबाइमा पूर्ण सक्षम छन भन्ने यस धाराको अभिप्राय देखिन्छ।

धारा ६५ अन्तर्गत गठन हुने संयुक्त समितिमा यसै धाराको उपधारा (२) ले प्रतिनिधि सभाका सदस्य दुइजना र राष्ट्रिय सभाको सदस्य एकजनाको अनुपातमा बढीमा पन्ध्र जना सदस्य रहने व्यवस्था गरेकोछ।

४. संविधानका उपरोक्त धाराहरूले गरेको व्यवस्थाको कार्यान्वयन संसदका देहायका कानूनहरू जारी भइ सकेकाले कानूनी व्यवस्था गर्ने कार्य सम्पन्न भएका छन् :

(१) प्रतिनिधि सभा नियमावली, २०४८,

(२) राष्ट्रिय सभा नियमावली, २०४८ र

(३) संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य संचालन) नियमावली, २०४८।

प्रतिनिधि सभा नियमावली २०४८ (यस पछि नियमावली भनिएको)ले तीन प्रकारका समितिहरूको व्यवस्था गरेको छ। सदनका सातवटा स्थायी समितिहरू जो संसदकाल भरकोलागि गठन गरिन्छन् एक। सभामुखलाई

परामर्श दिनको लागि नियम २८ बमोजिम गठन हुने कार्य व्यवस्था परामर्श समितिका अतिरिक्त नियम २०३ बमोजिम सभामुखले गठन गर्न सक्ने स्थायी समितिहरू दुई र सभाले गर्नु पर्ने कार्य सूचारूरूपले संचालन गर्न नियम २०४ बमोजिम सभाले प्रस्ताव पारित गरी गठन गर्न सक्ने विशेष समितिहरू तीन।

प्रतिनिधि सभा नियमावलीको नियम १८२ मा सभाका सात्तवटा स्थायी समितिहरू रहने व्यवस्था गरेको छ। यी स्थायी समिति गठन गर्नु पर्ने मुख्य कारणवारे सोही नियमले प्रष्ट गरेको छ :-

(१) सभाका कार्यहरूलाई व्यवस्थित र प्रभावकारी ढंगबाट सम्पादन गर्ने।

(२) सदस्यहरूलाई मुलुकको शासनमा बढी मात्रामा शरिक गराउन।

संविधान बमोजिम संवैधानिक निकायहरू जस्तो लोक सेवा आयोग, महालेखा परिक्षक आदि निकायले श्री ५ समक्ष प्रस्तुत गर्ने वार्षिक प्रतिवेदनहरू श्री ५ बाट संसदमा पठाइबक्सने प्रावधान छ। त्यस्ता संवैधानिक निकायको प्रतिवेदन माथि छलफल गर्न र श्री ५ को सरकारको सबै मन्त्रालयका सबै विषयहरू कुने न कुने समितिको कार्य क्षेत्रभित्र पर्ने गरी यी स्थायी समितिहरूको गठन हुने व्यवस्था गरिएको छ।

माथि प्रकरण २ मा विभिन्न देशका समितिहरूको वर्णन गर्दा विस्तृत कार्यक्षेत्र भएका र तोकिएको विधेयक वा अन्य कार्य हेर्ने समितिको रूपमा भेद गरिएको छ। यस हिसाबले

प्रतिनिधि सभाका यी स्थायी समितिहरू विस्तृत कार्यक्षेत्र भएका समितिको वर्गभित्र पर्न सक्छन। तथापि समितिको कार्य निर्णायक भने मान्न सकिँदैन। समितिले सभामा प्रतिवेदन पेश गर्छन र समितिका सिफारिशका बुँदाहरू सभाबाट पारित भएमा यी बुंदाहरू श्री ५ को सरकारको लागि मार्ग निर्देशनको रूपमा रहन्छन्। विषय प्रकृतिले अधिकांश सिफारिशहरू श्री ५ को सरकारबाट कार्यान्वयन हुने भए पनि समितिलाइ परामर्शकको कोटीमा नै राख्नु मनासिव हुने देखिन्छ।

युरोपियन देशहरूमा प्रायशः मन्त्रीलाइ समितिको सदस्यको रूपमा राखिँदैन तर हाम्रो नियमावलीमा समितिको विषयसित सम्बन्धित मन्त्री समितिको पदेन सदस्यको रूपमा रहन्छ र प्रधान मन्त्री सबै समितिमा पदेन सदस्यको रूपमा रहने व्यवस्था गरिएको छ। मन्त्रीले सम्हालेको मन्त्रालयको विषयको हिसाबले एउटै मन्त्री दुइवटा वा सो भन्दा बढी समितिको पदेन सदस्य हुन सक्छ जस्तो जलस्रोत र संचार मन्त्री जलस्रोत विषयको नाताले 'प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण समिति' को र संचारको नाताले 'विकास तथा संचार समिति' को पदेन सदस्य हुन्छ। समितिका सदस्यहरूले आफु मध्येबाट सभापति छान्छन् र मन्त्री सभापति हुन सक्दैन। मन्त्री दुईवटा समितिमा भएपनि सभापति छान्ने विषयमा कुनै एउटा समितिमा मात्र मतदान गर्न पाउँछ। समितिको गठन गरिँदा समितिको विषयमा सदस्यको व्यक्तिगत रुचि र ज्ञानलाई दृष्टिगत गर्दै सदनमा संसदीय दलको संरचना कस्तो छ सो समेत साथि विचार गरिनु पर्ने नियमले व्यवस्था गरेको छ। समितिको गठन र कुन सदस्यलाई कुन समितिमा राख्ने भन्ने

विषयमा सभामुखको निर्णायक भूमिका रहन्छ। तथापि सभामुखले सभाको सहमति प्राप्त गर्नु अनिवार्य हुन्छ।

स्थायी समितिमा पदेन सदस्य सहित बढीमा पच्चीस जना सदस्य रहने व्यवस्था छ। यो व्यवस्थालाई तत्काल परिवर्तन गर्नु अनिवार्य हुन आएको छ। सभाका सम्पूर्ण सदस्यहरू प्रत्येकले कुनै न कुनै समितिको सदस्यता ग्रहण गर्नै पर्छ। सभामा विभिन्न विषयका स्थायी समितिहरू रहने व्यवस्था भएका मुलुकहरूमा सभाको सदस्यलाइ कुनै न कुनै समितिमा राख्ने व्यवस्थाले सर्वव्यापी मान्यता प्राप्त गरेको छ। प्रतिनिधि सभाको जम्मा सदस्य संख्या २०५ रहेको स्थितिमा वर्तमान सातवटा समितिमा रहने पच्चीस जना सदस्यको दरले १७५ सदस्य मात्र समितिमा रहन सक्ने देखिन्छ। यसमा पनि प्रधानमन्त्री सबै समितिहरूको पदेन सदस्य हुने भएबाट स्थान संख्या छ र दुईसमितिमा एउटै मन्त्री पर्न सक्ने जस्तो हाललाई जलस्रोत र संचार एक र शिक्षा तथा संस्कृति र पर्यटन दुई गरी जम्मा आठ। यसरी आठ स्थान बढी पूर्ति हुने भएबाट सो आठ संख्या घटाउँदा एकसय सत्सठ्ठी सदस्यहरूलाई मात्र समितिमा राख्न सकिने हुन्छ। तसर्थ नियम १८४ को उपनियम (१) मा रहेको 'बढीमा पच्चीस जना' भन्ने शब्दहरूको सट्टा 'बढीमा पैंतीस जना' भन्ने शब्दहरू राखि संशोधन गर्नु पर्ने देखिन्छ।

नियमावली जारी हुनासाथ संशोधन गर्नु पर्ने स्थिति कसरी उत्पन्न भयो भन्ने सम्बन्धमा बुझ्दा स्वीकृतिका लागि प्रस्तुत गरिएको नियमावलीको मसौदामा नौवटा समिति गठन हुने

व्यवस्था गरिएकोमा सातवटा समिति स्वीकृत भएको, तर तदनुकूल अनुसांगिक सुधार हुन छुटेको कारणबाट यस्तो हुन गएको देखियो।

स्थायी समितिहरूको नाम र सो समितिको कार्यक्षेत्र सित सम्बन्धित विषय देहाय बमोजिम छ :-

समितिको नाम	विषय
१. अर्थ समिति	अर्थ, र आर्थिक योजना।
२. सार्वजनिक लेखा समिति	सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन।
३. परराष्ट्र तथा मानव अधिकार समिति	कानून, न्याय प्रशासन, संसदीय व्यवस्था, प्रत्यायोजित व्यवस्थापन, मानव अधिकार, विदेशी राष्ट्र र संघ संस्थासंग सम्बन्धित, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन।
४. प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण समिति	जलस्रोत, भूमिसुधार, भूमि-व्यवस्था, कृषि, वातावरण-संरक्षण, वन र भूसंरक्षण।
५. जनसंख्या तथा सामाजिक समिति	शिक्षा, संस्कृति, स्वास्थ्य, श्रम र सामाजिक कल्याण।

राज्य व्यवस्था समिति	मन्त्रिपरिषद्, गृह, सामान्य-प्रशासन, रक्षा र लोक सेवा आयोगको वार्षिक प्रतिवेदन।
विकास तथा संचार समिति	आवास, भौतिक योजना, निर्माण यातायात, संचार, उद्योग, पर्यटन, आपूर्ति, वाणिज्य र स्थानीय विकास।

स्थायी समितिको काम कर्तव्य नियमावलीमा प्रष्ट गरिएको छ। सार्वजनिक लेखा समितिको काम कर्तव्य भिन्न प्रकृतिको छ। सामान्य रूपमा यस समितिले पनि नियम १८६ को उपनियम (१) का खण्डहरूमा उल्लेखित काम पनि गर्न नियमले वाधा पर्ने देखिँदैन। तथापि नियम १८७ मा तोकिएको लेखा जाँच सम्बन्धी यसको मुख्य कर्तव्य हो। अन्य ६ वटा समितिको काम कर्तव्यको वर्गीकरण आफ्नो कार्यक्षेत्रको विषयमा सीमित रही समान प्रकृतिको छ,समितिको मूख्य कार्य निम्न वमोजिम छ :-

(१) सभाले दफावार छलफलको लागि पठाएका विधेयकहरूमा दफावार छलफल गरी सभामा प्रतिवेदन प्रस्तुत गर्नु।

(२) श्री ५ को सरकारका विभिन्न निकायहरूको नीति तथा कार्यक्रम र क्रियाकलापको मूल्यांकन गरी टिप्पणी सहितको प्रतिवेदन सभामा पेश गर्नु।

(३) समितिको विषय सम्बद्ध श्री ५ को सरकारका मन्त्रालय र बिभागको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी त्यसको तरिका,

सो नीतिको सट्टा अपनाउन सकिने वा किफायत गर्न सकिने विषयहरूमा राय सहितको प्रतिवेदन सभामा प्रस्तुत गर्नु।

(४) मन्त्रीहरूले सभामा व्यक्त गरेको आश्वासनहरू पूरा गर्न उठाएका कदमहरू हेरी प्रतिवेदन सभामा पेश गर्नु।

(५) उपरोक्त प्रतिवेदनहरू तयार गर्दा मन्त्रालय विभागका प्रतिनिधि र विशेषज्ञहरू सित विचारको आदान प्रदान गर्नु।

(६) सभाले सुम्पेको अन्य काम गर्नु।

उपरोक्त कामहरूको अतिरिक्त परराष्ट्र तथा मानव अधिकार समितिले प्रत्यायोजित व्यवस्थापन, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन हेर्दछ। राज्य व्यवस्था समितिले लोक सेवा आयोगको वार्षिक प्रतिवेदन र सो सम्बन्धी श्री ५ को सरकारको ज्ञापनपत्र हेर्दछ।

समितिले गर्ने छानबिन कार्य उपसमिति मार्फत गरिने र छानबिन कार्यको उपसमितिमा मन्त्री सदस्य हुन नसक्ने परम्परा कायम गरिने विश्वास गर्न सकिन्छ।

समितिलाइ कागजपत्र झिकाउने र व्यक्ति उपस्थित गराउन सक्ने अधिकार प्रदान गरिएको छ। सभापतिलाई समितिमा सुव्यवस्था कायम राख्ने सम्बन्धमा प्रतिनिधि सभा नियमावलीमा सभामा सुव्यवस्था कायम राख्न सभामुखलाई भए सरहको सबै अधिकार प्रदान गरिएको छ।

५. अन्य समितिहरूका सम्बन्धमा सभामुखले नियम २८ बमोजिम पन्धजना सदस्यहरू मनोनीत गरी कार्य व्यवस्था परामर्श समिति गठन गर्ने व्यवस्था छ। यस समितिले गर्नु पर्ने कार्य यसै नियममा प्रष्ट गरिएको छ। बैठकमा पेश हुने विषयको प्राथमिकता, समयावधिको निर्धारण, कार्यक्रमहरूको सुव्यवस्था र सभामुखले आवश्यक ठह-याएको विषयमा परामर्श दिनु यस समितिको कर्तव्य तोकिएको छ।

सभामुखले नियम २०३ बमोजिम निवेदन पत्र समिति र अन्य आवश्यक समिति गठन गर्न सक्ने प्रावधान छ। निवेदनपत्र समितिले सभाको विचाराधिन विषयमा वा विधेयकका सम्बन्धमा जन साधारणले कुनै सदस्य मार्फत दिएको निवेदन पत्रहरू जाँच गर्ने कार्य गर्दछ र यस समितिले नियमानुकूल ठह-याएको निवेदन सबै सदस्यहरूलाई वितरण गरिने व्यवस्था छ। यसरी वितरण गरिएका निवेदन पत्रका सम्बन्धमा सो विषयमा छलफल हुँदा सभाले निवेदन पत्रको कुरामा विचार गर्न सक्छ।

सभाले गर्नु पर्ने कार्य सुचारू रूपले सम्पादन गर्न सभाले प्रस्ताव पारित गरी आवश्यकतानुसार विशेष समिति गठन गर्न सक्छ। यस प्रकरण बमोजिम सभा वा सभामुखले गठन गर्ने समितिमा बढीमा नौ जना सदस्य हुन्छन्।

६. राष्ट्रिय सभा नियमावलीको नियम १५१ बमोजिम राष्ट्रिय सभाले निम्न नाम गरेका दुइवटा स्थायी समिति गठन गर्न सक्ने व्यवस्था छ।

(१) दुर्गम क्षेत्र समिति, र

(२) प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति।

राष्ट्रिय सभाको समितिमा मंत्री सदस्य हुन सक्छ वा सक्दैन भन्ने विषयमा नियमावली मौन छ। यो कुरा समिति गठन गर्दा अध्यक्षद्वारा जे जस्तो परिपाटी अपनाउने निर्णय हुन्छ सोही मुताविक हुनेछ। समिति सम्वन्धी अन्य कुराहरू जस्तो सदस्य संख्या, सदस्य मनोनयन गर्ने आधार, समितिको काम कर्त्तव्य आदि प्रतिनिधि सभाका समितिहरूको जस्तै छ तर राष्ट्रिय सभाको समितिको कार्यविधि भने दुई वर्षको कायम गरिएको छ।

राष्ट्रिय सभाका अध्यक्षले गठन गर्न सक्ने समितिमा कार्यव्यवस्था परामर्श समितिको अतिरिक्त निवेदनपत्र समिति र अन्य आवश्यक समिति पनि पर्दछन्। सभाले आफ्नो कार्य सुचारू रूपले सम्पादन गर्न विशेष समिति गठन गर्न सक्ने प्रतिनिधि सभासरहको समान प्रावधान राष्ट्रिय सभा नियमावलीले पनि गरेको छ। यस्ता समितिहरू काम समाप्त भएपछि स्वतः विघटन हुन्छन्।

७. ससदको संयुक्त वैठक र संयुक्त समिति (कार्य संचालन) नियमावली, २०४८ को नियम २७ देखि ३१ सम्मका व्यवस्थाहरूले संविधानको धारा ६५ बमोजिम गठन हुने संयुक्त समितिको गठन विधि, कार्यविधि, र अधिकार तथा प्रतिवेदन प्रस्तुत गर्ने कार्यविधिको व्यवस्था गरेको छ। संसदको संयुक्त समिति जुनसुकै सदनले प्रस्ताव पारित गरेर अर्को सदनमा पठाउन सक्ने संवैधानिक कानून अनुसार यसरी

प्रस्ताव पारित भएको सन्देश प्राप्त गर्ने सदनले पनि आफुले छान्नु पर्ने आफ्नो सभाका सदस्यहरू मनोनयन गरी प्रस्ताव पारित गरिनु अनिवार्य हुन जान्छ। किनकि संविधानले नै कुनै पनि सदनले 'दुइ सदनका बीचको कार्य प्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त गर्न वा कुनैखास कार्यका लागि दुबै सदनको संयुक्त समिति गठन गरियोस् भनी प्रस्ताव पारित गरेमा संयुक्त समितिको गठन गरिनेछ।' भन्ने किटानी व्यवस्था गरेकोले कुनै सदनले कुनै कार्यका लागि संयुक्त समिति गठन गरियोस् भनी प्रस्ताव पारित गरेमा अर्को सदनले इन्कार गर्न सक्दैन। यस्तो स्थितिमा अर्को सदनले तोकिएको अनुपातमा सो समितिमा सदस्यहरूको मनोनयन गर्ने काम मात्र गर्न सक्छ। विषयको उपयुक्तता वा एक सदनले पारित गरीसकेको प्रस्तावमा कुनै विवाद उठाउन सक्ने प्रावधानलाई संविधानले नै अन्त्य गरिदिएको छ।

यसप्रकरणमा उल्लेखित संसदको संयुक्त बैठक र संयुक्त समिति कार्य संचालन नियमावलीको नियम ३२ ले एउटा 'संसदीय सेवा संयुक्त समिति' गठन गर्नु पर्ने व्यवस्था गरेको छ। यो समिति सभामुखले अध्यक्षसंग परामर्श गरी गर्नु पर्ने र यस समितिमा ६ जना पदेन सदस्यहरू रहने व्यवस्था छ। अहिलेको मन्त्रीपरिषद्को गठनले पदेन सदस्यहरू प्रतिनिधि सभाका ३ जना रहनेछन्:-

(१) सभामुख,

(२) प्रतिनिधिसभाका विपक्षी दलका नेता, र

(३) संसदीय व्यवस्था मन्त्री।

यस्तै राष्ट्रिय सभाका पनि तीन जना पदेन सदस्य रहनेछन्:

(१) अध्यक्ष,

(२) राष्ट्रिय सभाका विपक्षी दलका नेता, र

(३) अर्थ (राज्य) मन्त्री।

वाँकी ९ जनामा तीन जना राष्ट्रिय सभाबाट र ६ जना प्रतिनिधि सभाबाट छानिनेछन्।

संसदीय सेवा संयुक्त समितिको काम कर्तव्य उक्त नियममा तोकिएको छ। जस अनुसार-

(१) संयुक्त नियमावलीलाई समसामयिक सुधारगर्न छलफल गरी प्रतिवेदन दिने,

(२) पुस्तकालय र मुद्रणालयलाई आवश्यक सुधार गर्न सुझाव दिने,

(३) संसद सदस्यहरूको पारिश्रमिक सम्बन्धमा सुझाव दिने,

(४) संसद सचिवालयको आर्थिक र भौतिक सुविधामा समयानुकूल सुधारको लागि कार्यक्रम तयार गर्ने,

(५) संयुक्त बैठकले सुम्पेको अन्य कार्य गर्ने।

संसदीय सेवा संयुक्त समितिले आफ्नो कार्यविधि आफैं नियमित गर्न सक्ने व्यापक अधिकार नियमावलीले प्रदान गरेको छ।

८. माथिका प्रकरणहरूमा समितिको व्यवस्था सम्बन्धमा (१) समिति सम्बन्धी प्रारम्भिक कथन (२) विभिन्न मुलुकहरूका संसदमा समितिको स्वरूप, (३) वर्तमान संसद सम्बन्धी नेपाल कानूनहरूमा समिति सम्बन्धी व्यवस्था, (४)प्रतिनिधि सभाका स्थायी समितिहरू, (५) प्रतिनिधि सभाका अन्य समितिहरू, (६) राष्ट्रिय सभाका स्थायी र अन्य समितिहरू र (७) संसदको संयुक्त समिति। यी सातवटा विषयका सम्बन्धमा संक्षेपमा परिचय प्रस्तुत गरियो। यस परिचयबाट एउटा विभेद स्पष्ट के देखियो भने समितिमाथि भर गरी सभाको केही काम समितिबाट सम्पादन गराउने सहजता लिने एकथरी धारणा र सभाले तोकेको काम तोकेको अवधिभित्र पूरा गरेर प्रतिवेदन दिने मात्र तदर्थ व्यवस्था सम्बन्धी एकथरी धारणाले अभिप्रेरीत व्यवस्था विभिन्न संसदमा रहेको पाइयो। यसो हुन गएको कारण ब्रिटेनको परम्परावादी सिद्धान्तले भएको हुन सक्छ। ब्रिटिश संसद समक्ष कुनै विस्तृत विवेचना गर्नु पर्ने विषय वा कुनै प्राविधिक विषयमा थोरै सांसदहरूले विचार गरेर निष्कर्ष निकाल्ने परिपाटी रहेको पाइन्छ जस्तो अर्द्ध न्यायिक विषयहरूका लागि ४ वा ५ जनाको ईकाई गठन गरिन्छ। तर सामान्यतया सार्वजनिक महत्वको विषयमा यो इकाई बढ्दै बढ्दै पूर्ण सदनको रूपमा कार्यरत हुन थालेको पाइन्छ। यसप्रकार ब्रिटेनमा तीन किसिमको समिति पाइन्छ।

(१) पूर्ण सदनको समिति,

(२) गठित (तदर्थ) समिति, र

(३) निजी विधेयक सम्बन्धी समिति।

ब्रिटेनमा सार्वजनिक विधेयकमा वा सार्वजनिक विषयमा संसद आफ्नो अधिकार कसैलाई दिन सक्दैन भन्ने र यस्ता मामिलामा संसदका प्रत्येक सदस्यहरूको भाग लिने हक छ भन्ने सिद्धान्तले बढी प्रभावित रहेको कारणले यस्ता विषयहरू पूर्ण सदनको समितिमा नै कारवाई गरिन्छन्। यस्ता विधेयकहरूमा छलफल गर्न तोकिएको दिन यस्तो घोषणा गरिन्छः- 'अब यो सदन 'क' विधेयकको वा अरू विषयको छलफलको लागि समितिमा परिणत हुन्छ' भनिए पछि माननीय सभामुख आसन छोड्छन् र सभापतिले आशन ग्रहण गर्छ। सोही सभा नै 'पूर्ण सदनको समितिमा' परिणत हुन्छ र यस्मा अति बढी अनौपचारिकता हुन्छ जस्ले गर्दा तर्क प्रस्तुत गर्ने प्रशस्त मौका पाइन्छ र छलफल सहज बनाइएको हुन्छ।

समिति सम्बन्धी हाम्रा कानूनी प्रावधानहरूलाई केलाएर हेर्ने हो भने समितिलाई बढी सक्षम बनाइएको छ। तर समितिलाई अनियन्त्रित वा कुनै सदस्यको कुनै विषयमा सहभागिताको अधिकारबाट वञ्चित गर्न सक्ने बनाइएको छैन। समितिलाई तोकिएका विधेयक सम्बन्धी कार्य बाहेक अरू कार्यहरू पूर्ण सदनबाट सम्पन्न हुने प्रकृतिका छैनन्। जहाँसम्म विधेयकमाथिको दफावार छलफल छ त्यो पनि सदनमै दफावार छलफल गराउन प्रस्ताव गर्न

सक्ने प्रावधान गरिएको छ। दफावार छलफल समितिमा गराउने निर्णय भएकोमा समितिले विधेयकमा छलफल गरी गरेका प्रत्येक निर्णयहरू पूर्ण सदनमा समितिको प्रतिवेदनको प्रत्येक बुँदामा एक एक गरी छलफल गरी निर्णय गरिने प्रावधान रहेको छ। जस्तो प्रतिनिधि सभा नियमावलीको नियम १२९ को उपनियम (२) को खण्ड (क) वा उपनियम (७) बमोजिम विधेयक प्रस्तुतकर्ता सदस्यले प्रतिवेदन सहितको विधेयकमाथि छलफल गरियोस् भनी प्रस्ताव गर्नु अनिवार्य गरिएकोछ।

यसप्रकार संविधानले तोकेका र संसदको कार्यविधि सम्बन्धी नियमहरू बमोजिम गठन हुने समितिहरू गठन भई कार्यरत हुन थालेपछि समितिहरुले संसदको कार्य सम्पादनमा पूर्ण मद्दत गर्नेछन् भन्ने विश्वास गरिएको छ।

समाप्त

मुद्रकः-संसद प्रेस, संसदभवन, सिंहदरबार